सम्वत २०७७ सालको कार्यविधि नं ०६

# भगवतीमाई गाउँपालिका

# शैक्षिक संस्था सहायता अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि, २०७७

भगवतीमाई गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

दैलेख जिल्ला

कर्णाली प्रदेश, नेपाल

## भगतवीमाई गाउँपालिका

## शैक्षिक संस्था सहायता अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि – २०७७

**प्रमाणिकरण मितिः २०७७/१०/१४**
**राजपत्रमा प्रकाशित मितिः २०७७/१०/२४**

**प्रस्तावनाः** शिक्षामा सबै वर्ग र समुदायका व्यक्तिहरुको सहज पहुँच पुऱ्याउन र शिक्षालाई सर्वसुलभ व्यवस्थित र मर्यादित बनाउन गाउँपालिका भित्र क्रमशः गुणस्तरीय शिक्षा सुनिश्चित गर्दै जाने उद्देश्यले,

भगवतीमाई गाउँपालिका भित्र प्रचलित कानून बमोजिम अनुमति तथा स्वीकृति प्राप्त गरी सञ्चालनमा रहेका र हुने सामुदायिक विद्यालयहरुको पठनपाठनमा थप सहयोग पुऱ्याउन शैक्षिक संस्थाहरुलाई सहायता अनुदान रकम वितरण र व्यवस्थापन कार्यलाई थप व्यवस्थित बनाउन र एकरुपता कायम गर्नका लागि शैक्षिक संस्था सहायता अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि - २०७७ बनाई लागु गरिएको छ ।

### परिच्छेद - १
### <u>प्रारम्भिक</u>

**१ संक्षिप्त नाम र प्रारम्भ**

(क) यो कार्यविधिको नाम शैक्षिक संस्था सहायता अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि - २०७७ रहेको छ

(ख) यो कार्यविधि तुरुन्त लागु हुनेछ

२ **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यविधि" भन्नाले शैक्षिक संस्था सहायता अनुदान वितरण तथा व्यवस्थापन कार्यविधि - २०७७ सम्झनु पर्छ।

(ख) "विद्यालय" भन्नाले नेपाल सरकार र यस गाउँपालिकाबाट अनुमति वा स्वीकृति प्राप्त सामुदायिक विद्यालय सम्झनु पर्छ ।

(ग) "माध्यमिक विद्यालय" भन्नाले कक्षा ९-१० वा ९-१२ सञ्चालन भएको विद्यालय सम्झनुपर्छ ।

(घ) "आधारभूत विद्यालय" भन्नाले कक्षा १-८ सञ्चालन भएको विद्यालय सम्झनुपर्छ ।

(ङ) "प्राथमिक विद्यालय" भन्नाले कक्षा १-३ वा १-५ सञ्चालन भएको विद्यालय सम्झनु पर्छ ।

(च) "गाउँपालिका" भन्नाले भगवतीमाई गाउँपालिका सम्झनुपर्छ ।

(छ) "गाउँ कार्यपालिका" भन्नाले भगवतीमाई गाउँ कार्यपालिका सम्झनुपर्छ ।

(ज) "शिक्षक" भन्नाले बाल विकास केन्द्रदेखि कक्षा १२ सम्म अध्यापन गर्ने व्यक्ति सम्झनुपर्छ । सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउछ ।

(झ) "प्रधानाध्यापक" भन्नाले विद्यालयको शैक्षिक एवं प्रशासनिक प्रमुखलाई सम्झनुपर्छ ।

(ञ) "शिक्षक दरबन्दी" भन्नाले विद्यालयमा नेपाल सरकारले उपलब्ध गराएको दरबन्दी, राहत अनुदान कोटा र गाउँपालिकाले उपलब्ध गराएको अनुदान कोटालाई सम्झनु पर्छ ।

(ट) "न्यून दरबन्दी" भन्नाले कक्षागत तथा विषयगत रुपमा न्यूनतम शिक्षक दरबन्दी समेत नभएको सम्झनुपर्छ ।

(ठ) "गाउँ शिक्षा समिति" भन्नाले भगवतीमाई गाउँ शिक्षा समिति सम्झनुपर्छ ।

(ड) "अनुदान" भन्नाले गाउँपालिकाले सामुदायिक विद्यालयलाई उपलब्ध गराउने शैक्षिक संस्था सहायता अनुदान सम्झनु पर्छ ।

(ढ) "अनुमति पत्र" भन्नाले स्थायी अध्यापन अनुमति पत्र सम्झनु पर्छ ।

३ **उद्देश्यः** स्थानीय स्रोतको परिचालन मार्फत गाउँपालिका क्षेत्र भित्रका सामुदायिक विद्यालयहरुमा रहेको कक्षागत तथा विषयगत शिक्षकहरुको कमिलाई आंशिक रुपमा परिपुर्ति गर्दै विद्यालय शिक्षाको गुणस्तर शिक्षामा पहुँच र विद्यार्थीहरुको सिकाइ उपलब्धि अभिवृद्धि गरी शैक्षिक स्तरमा सुधार गर्ने ।

## परिच्छेद - २

## <u>विद्यालयलाई दिइने अनुदान तथा अन्य व्यवस्था</u>

**४ विद्यालयलाई अनुदान दिनेः**

(१) भगवतीमाई गाउँपालिकाले प्रचलित कानून बमोजिम स्वीकृति वा अनुमति प्राप्त गरेका तर विद्यालय सञ्चालनका लागि न्यूनतम दरबन्दी नभएका सामुदायिक विद्यालयलाई अनुदान रकम देहायका आधारमा विद्यालय कोषमा निकासा पठाउनेछ ।

(क) कम्तिमा २० जना पाँच बर्ष मुनिका बालबालिकाहरु रहेको र गाउँ शिक्षा समितिले अनुमति दिएको बालबिकास केन्द्रलाई कम्तिमा एक जना बाल शिक्षक र कर्मचारीको लागि अनुदान

(ख) प्राथमिक तह कक्षा १-३ वा कक्षा १-५ सञ्चालन भएको तर उक्त तहको शिक्षक दरबन्दी वा राहत शिक्षक अनुदान नपाएका विद्यालयलाई पैँतालिस जना सम्म विद्यार्थी संख्या भए एक जना र सो भन्दा बढी विद्यार्थी संख्या भए दुई जना शिक्षकका लागि अनुदान,

(ग) आधारभूत तहको कक्षा ६-८ सञ्चालन भएको तर उक्त तहको शिक्षक दरबन्दी वा राहत शिक्षक अनुदान नपाएको विद्यालयलाई बढीमा तीन जना शिक्षकका लागि अनुदान,

(घ) आधारभूत तहको कक्षा ६-८ सञ्चालन भई उक्त तहको दरबन्दी वा राहत अनुदान कोटाको शिक्षक एक जना भएको विद्यालयलाई दुई जना शिक्षकका लागि अनुदान,

(ङ) आधारभूत तहको कक्षा ६-८ सञ्चालन भई उक्त तहको दरबन्दी वा राहत अनुदान कोटाको शिक्षक दुई जना भएको विद्यालयलाई एक जना शिक्षकका लागि अनुदान,

(च) आधारभूत तहको कक्षा ६-८ सञ्चालन भएको तर उक्त तहको शिक्षक दरबन्दी वा शिक्षक अनुदान नपाएको विद्यालयलाई बढीमा तीन जना शिक्षकका लागि अनुदान,

(छ) माध्यमिक तहको कक्षा ९-१० सञ्चालन भएको तर उक्त तहको शिक्षक दरबन्दी वा राहत शिक्षक अनुदान नपाएको विद्यालयलाई बढीमा तीन जना शिक्षकका लागि अनुदान,

(ज) माध्यमिक तहको कक्षा ९-१० सञ्चालन भई उक्त तहको दरबन्दी वा राहत अनुदान कोटाको शिक्षक एक जना भएको विद्यालयलाई दुई जना शिक्षकका लागि अनुदान,

(झ) माध्यमिक तहको कक्षा ९-१० सञ्चालन भएको तर उक्त तहको शिक्षक दरबन्दी वा शिक्षक अनुदान नपाएको विद्यालयलाई बढीमा तीन जना शिक्षकका लागि अनुदान

(ञ) माध्यमिक तहको कक्षा ११-१२ सञ्चालन भएको तर उक्त तहको शिक्षक दरबन्दी वा शिक्षक अनुदान नपाएको विद्यालयलाई बढीमा दुई जना शिक्षकका लागि अनुदान

(ट) अनुदान वितरण गर्दा निम्नमाध्यमिक तहका लागि प्राथमिक तह तथा माध्यमिक तह र माध्यमिक तहका लागि प्राथमिक र निम्नमाध्यमिक तहको शिक्षक दरबन्दी वा राहत शिक्षक अनुदानलाई पनि आधार मानिनेछ ।

(ठ) विद्यालयमा हाल कायम रहेको सम्बन्धित तहको विषयको दरबन्दीसंग दोहोरो नहुने गरी क्रमशः अंग्रेजी, विज्ञान गणित, विज्ञान वा गणित, नेपाली र सामाजिक विषयमा शिक्षक करारमा नियुक्ति गर्नुपर्नेछ ।

(ड) गाउँ शिक्षा समितिको निर्णय अनुसार अनुदान कोटाको तह र विषय परिवर्तन गर्न सकिनेछ ।

(ढ) संघीय सरकार वा प्रदेश सरकारबाट शिक्षक दरबन्दी, राहत अनुदान, शिक्षण सिकाइ अनुदान वा स्वयसेवक शिक्षक अनुदान विद्यालयलाई प्राप्त भएमा कार्यपालिकाको निर्णय अनुसार अनुदान रकम कटौती गर्न वा घटाउन सकिनेछ ।

(ण) गाउँ कार्यपालिकाको निर्णय अनुसार अनुदानको रकम थप्न वा घटाउन सकिनेछ ।

(त) शिक्षक दरबन्दी संख्या कम तथा विद्यार्थी संख्या बढी रहेका विद्यालयहरुलाई गाउँपालिकाबाट विनियोजित रकमको सीमा भित्र रही थप बार्षिक रुपमा एकमुष्ट अनुदान उपलब्ध गराउन सकिनेछ । उक्त रकमबाट विद्यालयले शिक्षक व्यवस्थापन, फर्निचर, शैक्षिक सामाग्री तथा शैक्षिक गुणस्तर सुधार गर्न विद्यालय व्यवस्थापन समितिको निर्णय अनुसार खर्च गर्न सक्नेछ ।

(थ) गाउँ कार्यपालिकाले अर्को व्यवस्था नभएसम्मको लागि राहत अनुदान कोटाको व्यवस्था गरी सोका लागि आवश्यक रकम बार्षिक रुपमा विनियोजन गर्न सक्नेछ ।

(द) गाउँ कार्यपालिकाको निर्णय अनुसार नेपाल सरकारको नियमित अनुदान पाउने बाल शिक्षक तथा विद्यालय कर्मचारीलाई थप तलव भत्ता उपलब्ध गराउन सकिनेछ ।

## परिच्छेद - ३

## पदपुर्ति तथा योग्यता सम्बन्धी व्यवस्था

५ **पदपुर्ति** (१) गाउँपालिकाबाट अनुदानको रकम र संख्या निर्धारण भएको पत्र प्राप्त भएपछि विद्यालयले सम्बन्धित तह र विषयको शिक्षक पद प्रचलित कानून बमोजिमको प्रक्रिया पुर्‍याइ छनौट गर्नु पर्नेछ । प्रतिस्पर्धाबाट छनौट भई कार्यरत विषय मिल्दो शिक्षकलाई निरन्तरता दिन सकिनेछ ।

तर प्राथमिक तह कक्षा १-५ सञ्चालन भएको विद्यालयको हकमा आफ्नो आवश्यक्ता अनुसारको विषय शिक्षक छनौट गर्न बाधा पर्ने छैन ।

(२) अनुदानको शिक्षक पद रिक्त भएमा विद्यालयले रिक्त हुनुको कारण सहित १५ दिन भित्र गाउँपालिकामा जानकारी दिनु पर्नेछ । गाउँपालिकाबाट शिक्षक पदपुर्तिका लागि अनुमति लिई विद्यालयले शिक्षक छनौटको प्रक्रिया शुरु गर्नु पर्नेछ ।

(३) विद्यालयले आवश्यक शिक्षकको पद संख्या, योग्यता, विषय, परीक्षा हुने मिति, समय र स्थान सहित अन्य विवरण खुलाई कम्तिमा १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नु पर्नेछ । उक्त सुचनाको एक प्रति गाउँपालिकामा पठाउनु पर्नेछ ।

(४) प्रकाशित सूचनामा तोकिएको म्याद भित्र पर्न आएका दरखास्त उपर छानविन गरी आवश्यक न्यूनतम योग्यता पुगेका उम्मेदवारहरुलाई मात्र परीक्षामा सामेल गराई नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनौट गर्नु पर्नेछ ।

(५) गाउँपालिकाको अनुदान प्राप्त शिक्षक पदपुर्तिका लागि देहाय बमोजिमको शिक्षक छनौट समिति रहनेछ ।

(क) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष वा निजले तोकेको सो समितिको सदस्य -अध्यक्ष

(ख) गाउँपालिका शिक्षा शाखा प्रमुख वा शिक्षा सेवाको अधिकृत वा सो नभए प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत - सदस्य

(ग) माध्यमिक तहको शिक्षक छनौट गर्नुपर्ने भएमा शिक्षा शास्त्र संकायको सम्बन्धित विषयमा कम्तिमा स्नातकोत्तर र अन्य तहको शिक्षक छनौट गर्नु पर्ने भए शिक्षा शास्त्र संकायको सम्बन्धित विषयमा कम्तिमा स्नातक तह उत्तीर्ण गरेका शिक्षकहरु मध्येबाट उपलब्ध भएसम्म कम्तिमा एक जना महिला समेतको प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समितिले मनोनित गरेका दुई जना -सदस्य

(घ) सम्बन्धित विद्यालयको प्रधानाध्यापक वा निजले तोकेको सो विद्यालयको शिक्षक - सदस्य सचिव

(६) शिक्षक छनौट समितिको पदावधि शिक्षक छनौटको कार्यसम्पन्न भए पश्चात स्वतः समाप्त हुनेछ ।

(७) शिक्षक छनौट समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) शिक्षक सेवा आयोगले तोकेको पाठ्यक्रम अनुसार लिखित परीक्षाको प्रश्न पत्र तयार गर्ने, परीक्षा सञ्चालन गर्ने

(ख) लिखित परीक्षामा उत्तीर्ण उम्मेद्वारहरुको अन्तरवार्ता लिने

(ग) सफल उम्मेदवारलाई नियुक्तिका लागि विद्यालय व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने

(घ) परीक्षा सम्बन्धी अन्य कार्य गर्ने

(८) पछाडी पारिएका वर्ग र समुदयका व्यक्तिहरुको पहुँच शिक्षक अनुदानमा सहज बनाउन शिक्षक छनौट समितिले लिखित तथा अन्तरवार्ता दुवैको कुल अंकमा महिला भए ३, आदिवासी/जनजाती भए २, दलित भए २, अपांग भए २, अंक थप गरी अन्तिम नतिजा प्रकाशन गर्नु पर्नेछ । कुनै उम्मेदवार एकभन्दा बढी समुहको भएमा निजले दरखास्तसंग पेस गरेको कुनै एक समुहका लागि मात्र अंक थप गर्नु पर्नेछ । महिलाहरुको हकमा जुनसुकै समुदायको महिला भए पनि महिला वापतको अंक मात्र प्रदान गरिने छ।

(९) बाल शिक्षक पदमा पदपुर्तिका लागि छनौट कार्य संघीय कानूनमा व्यवस्था भएकोमा सोही बमोजिम र संघीय कानूनमा व्यवस्था नभएको अवस्थामा नेपाल सरकारको नियमित अनुदान पाइरहेको बाल शिक्षक पद

रिक्त हुदाँ दफा ५ को उपदफा (५) को समितिले गर्न सक्नेछ । समुदायमा बालविकास केन्द्र स्थापना भई बाल शिक्षक नियुक्ति गर्दा गाउँपालिकाले तोकेको विद्यालयले छनौट कार्य गर्नेछ ।

६ **शैक्षिक योग्यताः** (१)अनुदान रकमबाट नियुक्त हुने शिक्षकहरुको शैक्षिक योग्यता प्रचलित संघीय शिक्षा ऐन तथा शिक्षा नियमावली अनुसार हुनेछ ।

(२) बाल शिक्षकको शैक्षिक योग्यता कम्तिमा शिक्षा विषयमा कक्षा १२ उत्तिर्ण हुनेछ । प्रारम्भिक बालविकास विषयमा कक्षा १२ उत्तिर्ण गरेको उम्मेदवारलाई प्राथमिकता दिनु पर्नेछ । । लेटरग्रेडिङ्ग प्रणाली अनुसार परीक्षामा सामेल भई प्रमाण पत्र प्राप्त गरेको भए कम्तिमा १.६ जि.पि.ए. प्राप्त गरेको हुनु पर्नेछ । कक्षा १२ उत्तिर्ण गरेका उम्मेद्वार उपलब्ध हुन नसकेमा मात्र एस.एल.सी उत्तिर्ण वा एस.ई.ईमा १.६ जि.पि.ए. प्राप्त गरेको उम्मेद्वारहरु मध्येबाट छनौट गर्न सकिनेछ ।

(३) बाल शिक्षक पदमा शिक्षक छनौट गर्दा विवाहित महिला उम्मेद्वारहरु मध्येबाट खुला प्रतिस्पर्धाद्वारा गर्नु पर्नेछ ।

७ **उम्मेदवारको अन्य योग्यताः** (१) शिक्षक भर्ना गर्दा उम्मेदवार हुन आवश्यक अन्य योग्यता प्रचलित संघीय शिक्षा ऐन तथा शिक्षक सेवा आयोग नियमावलीमा भएको व्यवस्था बमोजिम हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिए तापनि अनुदानमा शिक्षक पदपुर्तिका लागि भएको पहिलो विज्ञापनमा स्थायी अध्यापन अनुमति पत्र लिएको कुनैपनि व्यक्तिको निवेदन नपरेमा वा अनुमति पत्र लिएको उम्मेदवार उपलब्ध नभई विद्यालयको पठनपाठनमा बाधा पर्ने भएमा पुनः सात दिनको विज्ञापन गरी अंग्रेजी, विज्ञान र गणित विषयमा मात्र बढीमा एक आर्थिक वर्षका लागि अनुमति पत्र नभएको उम्मेदवारलाई नियुक्ति गर्न सकिनेछ ।

८ **पाठ्यक्रमः** (१) अनुदान रकमबाट नियुक्त हुने शिक्षक छनौट गर्दा शिक्षक सेवा आयोगले स्वीकृत गरेको पाठ्यक्रमको प्रयोग गर्नु पर्नेछ । बाल शिक्षक छनौटका लागि आयोगले पाठ्यक्रम स्वीकृत नगरेको अवस्थामा दफा ५ को उपदफा (५) को समितिले स्वीकृत गरे बमोजिम हुनेछ ।

९ **नियुक्ति र म्याद थपः** अनुदानबाट नियुक्त शिक्षकको नियुक्ति र म्याद थप देहाय अनुसार गर्नुपर्नेछ ।

(१) शिक्षक छनौट समितिबाट सिफारिस भएका शिक्षक उम्मेदवारहरुलाई शिक्षक छनौट समितिबाट सिफारिस भएको मितिले सात दिन भित्र विद्यालय व्यवस्थापन समितिबाट निर्णय गराई बढीमा एक आर्थिक बर्षका लागि करारमा प्रधानाध्यापकले नियुक्त गरी सो को जानकारी गाउँपालिकामा दिनु पर्नेछ ।

(२) शिक्षक छनौट समितिबाट सिफारिस भएका उम्मेदवारहरुलाई सम्बन्धित विद्यालयले तोकिएको म्याद भित्र नियुक्ति नगरेमा गाउँ शिक्षा समितिले त्यस्ता विद्यालयको अनुदान आवश्यक्ताका आधारमा अर्को कुनै विद्यालयमा दिन वा कटौती गर्न सक्नेछ ।

(३) गाउँपालिकाले शिक्षक अनुदानलाई निरन्तरता दिएमा एक पटक एक आर्थिक बर्षमा नबढाई विद्यालय व्यवस्थापन समितिले म्याद थप गर्नु पर्नेछ ।

(४) यो कार्यविधि जारी हुँदाका बखत कार्यरत अनुदान कोटामा नियुक्त शिक्षकको म्याद थप यो कार्यविधि जारी भएको मितिले दुई महिना भित्र चालु आर्थिक बर्षका लागि गर्नु पर्नेछ । म्याद थप नगरिएको शिक्षकहरुको लागि अनुदान रकम निकासा गरिने छैन ।

१० **काम,कर्तव्यः** अनुदानबाट नियुक्त भएका शिक्षकहरुको काम र कर्तव्य गाउँ शिक्षा ऐनमा तोकिएकोमा सोही बमोजिम र नतोकिएको हकमा संघीय शिक्षा ऐन तथा शिक्षा नियमावलीमा तोकिए बमोजिम हुनेछ ।

११ **अनुदान शिक्षक नरहने**

(१) देहायको अवस्थामा अनुदानबाट नियुक्त शिक्षकको पद रिक्त भएको मानिनेछः

(क) गाँउपालिकाबाट अनुदान प्राप्त नभएमा

(ख) विद्यालय व्यवस्थापन समितिले म्याद थप नगरेमा

(ग) उमेर साठी वर्ष पुरा भएमा

(घ) प्रधानाध्यापक समक्ष पेस गरेको लिखित राजीनामा स्वीकृत भएमा

(ङ) नीजको मृत्य भएमा

(च ) सेवाबाट हटाइएमा

## परिच्छेद - ४

## तलब भत्ता सम्बन्धी व्यवस्था

**१२ तलब भत्ता**

(१) अनुदानबाट नियुक्त भएका शिक्षकहरुले विद्यालयमा हाजिर भएको मितिदेखि गाउँ कार्यपालिकाले तोके बमोजिमको तलब भत्ता मासिक वा त्रैमासिक रुपमा पाउने छन।

(२) अनुदानबाट नियुक्त भएका शिक्षकहरुले एक महिनामा खाइपाई आएको तलब बराबरको रकम बर्षको एकपटक चाडपर्व खर्च वापत पाउने छन् ।

(३) शिक्षकको अन्य सुविधा गाउँकार्यपालिकाले तोके बमोजिम हुनेछ ।

(४) अनुदानबाट नियुक्त भएका शिक्षकहरुलाई सम्बन्धित विद्यालयले थप भत्ता तथा अन्य सुविधा उपलब्ध गराउन सक्नेछ ।

## परिच्छेद -५

## सरुवा र काज सम्बन्धी व्यवस्था

**१३ सरुवा र काजः**

(१) अनुदानबाट नियुक्त भएका शिक्षकहरुलाई सरुवा भई जाने विद्यालयको सहमति र आउने विद्यालयको अनुमतिमा तह र विषय मिलेमा गाउँपालिकाले सरुवा गर्न सक्नेछ ।

(२) विद्यालयमा कार्यरत शिक्षकले विद्यालयको कामले प्रधानाध्यापकको स्वीकृतिले बढीमा सात दिन सम्म काजमा जान सक्नेछ ।

(३) काजमा जाँदा कानून अनुसार सुविधा विद्यालयले उपलब्ध गराउनु पर्नेछ ।

(४) अनुदानबाट नियुक्त शिक्षकलाई आवश्यक्ता अनुसार गाउँपालिकाले काजमा खटाउन सक्नेछ ।

## परिच्छेद - ६

## विदा सम्बन्धी व्यवस्था

**१४ विदाः**

(१) शिक्षकले बर्ष भरिमा सार्वजनिक विदा बाहेक भैपरी विदा ६, पर्व विदा ६ दिन, बिरामी विदा ६ दिन, किरिया विदा १५ दिन, सुत्केरी विदा सुत्केरी हुनु अघि वा पछि गरी ९५ दिन, प्रसुति स्याहार विदा १५ दिन पाउने छ ।

(२) विदामा बस्दा स्वीकृति लिई बस्नु पर्नेछ ।

(३) विरामी विदा जति भए पनि संचित गर्न सकिनेछ तर सो विदा वापतको रकम पाउने छैन ।

(४) विदा अधिकार नभै सहुलियत मात्र हो ।

(५) शिक्षकको विदा प्रधानाध्यापक र प्रधानाध्यापकको विदा विद्यालय व्यवस्थापन समितिको अध्यक्षले स्वीकृत गर्नेछ ।

## परिच्छेद -७

## सजाय सम्बन्धी व्यवस्था

१५ **सजायः** उचित र पर्याप्त कारण भएमा अनुदानबाट नियुक्त शिक्षकलाई देहाय बमोजिमको सजाय गर्न सकिनेछ ।

(१) नसिहत दिने

(२) तलब रोक्का गर्ने

(३)  आवश्यक क्षतिपूर्ति भराउने

(४) निश्चित समयका लागि निलम्बन गर्ने

(५) सेवाबाट हटाउने वा वर्खास्त गर्ने

१६ **नसिहत दिनेः** विद्यालयमा अनुपस्थित रहने जिम्मेवारी पुरा नगर्ने समय पालना नगरे निजलाई नसिहत दिन सकिनेछ ।

१७ **तलब रोक्का गर्नेः** देहायको अवस्थामा अनुदानबाट नियुक्त शिक्षकको तलब रोक्का गर्न सकिनेछ ।

(क) अनुशासनहीन काम गरेमा

(ख) बारम्बार विद्यालयले दिएको निर्देशन पालना नगरेमा

(ग) विना सूचना विद्यालयमा अनुपस्थित रहेमा

(घ) विद्यालयको काम समयमा सम्पन्न नगरेमा

(ङ) विद्यालय प्रशासनले दिएको आदेश पालना नगरेमा

(च) आफ्नो पदीय जिम्मेवारी वहन नगरेमा

(छ) विद्यालयको गोपनीयता भंग गरेमा

(ज) यस कार्यविधि र प्रचलित कानूनमा उल्लेखित आचारसंहिताको पालना नगरेमा

१८ **आवश्यक क्षतिपुर्ति भराउनेः** अनुदानबाट नियुक्त कुनैपनि शिक्षकले जानाजान लापरवाही गरी विद्यालयलाई कुनै हानी नोक्सानी गरे वा गराएमा त्यसरी हुन गएको क्षतिको रकम आंशिक वा पुरा निजको तलव भत्ताबाट कट्टा गरी असुल उपर गरिनेछ र तलबबाट अपुग भएमा निजको जायजेथाबाट असुल उपर गरिनेछ ।

१९ **निश्चित समयको लागि निलम्बन गर्नेः**अनुदानबाट नियुक्त कुनैपनि शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि कुनैपनि विषयमा जाँचबुझ गर्नु परेमा निजलाई सजाय गर्ने अधिकारीले निश्चित समयको लागि निलम्बन गर्न सकिनेछ ।

२० **सेवाबाट हटाउने वा बर्खास्त गर्नेः** (१) देहायको अवस्थामा अनुदानबाट नियुक्त शिक्षकलाई सेवाबाट हटाउन सकिनेछ

(क) आफ्नो पदीय जिम्मेवारी पुरा नगरेमा

(ख) मादक पदार्थ सेवन गरी विद्यालयमा आएको प्रमाणित भएमा

(ग) विदा स्वीकृति नगराई सात दिनसम्म विद्यालयमा अनुपस्थित भएमा

(घ) विद्यालयलाई हानी नोक्सानी हुने काम गरेमा

(ङ) विद्यालयको गोपनीयता भंग गरेमा

(च) अनुशासन तथा आचरण सम्बन्धी व्यवस्था वारम्वार उल्लंघन गरेमा

(छ) मगज विग्रेमा

(ज) विद्यालयलाई असर पार्ने गरी एकै समयमा अन्य संस्थामा काम गरेमा

(२) देहायको अवस्थामा अनुदानबाट नियुक्त शिक्षकलाई सेवाबाट बर्खास्त गर्न सकिनेछ ।

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट सजाय पाएमा

(ख) भ्रष्टाचार गरेको प्रमाणित भएमा

(ग) नोकरी पाउने उद्देश्यले नक्कली प्रमाण पत्र पेस गरेमा वा उमेर ढाटेमा

२१ **सजाय दिने अधिकारीः** अनुदानबाट नियुक्त शिक्षकलाई सजाय गर्ने अधिकारी देहाय बमोजिम हुनेछ ।

(क) शिक्षकलाई नसिहत दिने अधिकार प्रधानाध्यापकलाई हुनेछ ।

(ख) शिक्षकको तलब रोक्का गर्ने, आवश्यक क्षतिपुर्ति भराउने, निश्चित समयको लागि निलम्बन गर्ने, सेवाबाट हटाउने वा बर्खास्त गर्ने अधिकार विद्यालय व्यवस्थापन समितिलाई हुनेछ ।

तर सजाय दिने अधिकारीले अनुदानबाट नियुक्त कुनैपनि शिक्षकलाई सजायको आदेश दिनुभन्दा अघि निजलाई आफ्नो सफाई पेश गर्ने मनासिब मौका दिनु पर्नेछ र सम्बन्धित शिक्षकले पनि तोकिएको म्याद भित्र आफ्नो सफाई पेश गर्नु पर्नेछ ।

## परिच्छेद -८

## शिक्षकको आचारसंहिता

२२ अनुदानबाट नियुक्त शिक्षकले तपसिल अनुसारको आचारसंहिता पालना गर्नु पर्नेछ ।

(क) नियमित रुपमा विद्यालयले तोकेको पोशाकमा हाजिर भई अनुशासित रुपमा तोकिएको जिम्मेवारी पुरा गर्ने

(ख) विद्यार्थी एवं शिक्षक बीच मर्यादित व्यवहार गर्ने

(ग) आफ्नो पेसाप्रति इमान्दार रही विद्यालयको चौतर्फी विकासमा जोड दिने

(घ) विद्यालयमा गोप्य राख्नु पर्ने कुरालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रकट गर्न पाइने छैन ।

(ङ) पद अनुसारको आचरण पालना गर्नु पर्नेछ ।

(च) विद्यालयको हित विपरित कार्यमा सहभागी भई कार्यालय घेराउ गर्ने, तालाबन्दी गर्ने, शारीरिक तथा मानसिक दबाब दिने उद्देश्यले कुनै किसिमको कार्य गर्ने वा गराउन पाइने छैन

(छ) मादक पदार्थ सेवन गरी विद्यालय परिसर भित्र वा सार्वजनिक स्थलमा प्रवेश गर्न पाइने छैन

(ज) आर्थिक अनुशासन भित्र रहनु पर्छ ।

(झ) विदा बस्दा पुर्व स्वीकृति लिएर मात्र बस्नु पर्छ ।

(ञ) यस कार्यविधिमा छुट भएका अन्य आचरण संघीय शिक्षा ऐन तथा नियमावली बमोजिम हुनेछ ।

## परिच्छेद -९

## विविध

**२३ विविधः**

(क) यस कार्यविधि संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकालाई हुनेछ ।

(ख) यस कार्यविधिमा व्यवस्था नभएको हकमा गाउँ शिक्षा ऐन, संघीय शिक्षा ऐन/प्रदेश शिक्षा ऐन, शिक्षा नियमावली र शिक्षक सेवा आयोग नियमावलीमा भएको व्यवस्था अनुसार हुनेछ ।

(ग) यस कार्यविधिमा उल्लेखित कुनै विषयमा दुविधा भएमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

(घ) यस अघि अनुदानबाट नियुक्त भई कार्यरत शिक्षक यस कार्यविधि बमोजिम नियुक्त भएको मानिने छ ।